# नीलकण्ठ नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय, धादिङको

## औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/२/२९)

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ व २०७४/०७५ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही सिलबन्धी दरभाउपत्र पेश गर्नु हुन आब्हान गरिएको छ ।

**शर्तहरु**

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउपत्र फाराम यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रु १०००।-(फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।

२. दरभाउ पत्र खरिद गर्दा आधिकारीक निवेदन साथ निम्न कागजातहरु संलग्न हुनपर्नेछ ।
   क) औषधी व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।
   ख) मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
   ग) आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
   घ) प्रोपाइटर स्वयम उपस्थित हुन नसकेमा निजको आधिकारीक मन्जुरीनामा ।

३. खरिद गरिएको दरभाउपत्र १६ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४. रित पुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुनेछ ।

७. दरभाउ पत्र दाताले तपशिल अनुसारको दरभाउपत्र जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक धादिङ वेसी शाखामा रहेको धरौटी खाता नं. १०३०३०००७१०२ मा नगद जम्मा रहेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैक वाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैक जमानत पत्र पेश गर्नु पर्नेछ । साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

८. पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. खरिद गरिने औषधी तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि यस कार्यालयमा दाखिला हुदाँ कम्तिमा अठार महिना बाँकी रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१०. दरभाउपत्र दाताले आफुले दिन चाहेका औषधी तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्नेछ ।

११. दरभाउपत्र दाताले सप्लाई गर्ने औषधी WHO GMP मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ । WHO GMP Certificate पनि दरभाउपत्र फाराम साथै अनिवार्य बुझाउनुपर्नेछ ।

१२. दरभाउपत्रमा उल्लेखित औषधीको परिमाण कार्यालयको आवश्यकता अनुसार थपघट गर्न सकिनेछ । थपघट भएता पनि दरभाउपत्रदाताले कोबोल गरेको दररेटमा आ.व. २०७५ अषाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन ।

१३. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधीको नमुना सिलबन्दी गरी छुट्टै पेश गर्नुपर्नेछ ।

१४. दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोहि फारामको प्रत्येक पानमा दरभाउपत्रदाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ ।

१५. एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ ।

१६. आफुले सप्लाइ गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुन पर्नेछ । औषधीको प्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सापायरी मिति, व्याच नं. उत्पादक कम्पनीको नाम

स्पष्ट संग उल्लेख भएको हुनुपर्नेछ । साथै औषधी प्याकिङ वाहिर तथा प्रत्येक स्ट्रीपमा "नेपाल सरकारबाट निःशुल्क वितरणको लागि वा यो औषधी विक्रीका लागी होइन" प्याकिङमा उल्लेख भएको हुनपर्नेछ ।

१७. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनपर्नेछ ।

१८. दरभाउपत्रमा पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

१९. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

२०. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिनेछ ।

| सि.नं. | खरिद कार्यको विवरण | लागत अनुमान | धरौटी/जमानत रकम |
|---|---|---|---|
| १ | औषधि तथा सर्जिकल सामान खरिद | रु१९९९२८२।८० | रु ५००००।– |

**प्रमुख प्रशासकिय अधिकृत**